जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक ३ २०८१ साल साउन ३ गते बिहीबार (18 July 2024 Thursday) मूल्य रु. ५/-

**Log in :** *rajbirajdainik.com.np*




*यस अंक भित्र :* २ पृष्ठमा : निर्माण व्यवसायीलाई भुक्तानी.. ३ पृष्ठमा : 'सडक आश्रित मानवमुक्त राष्ट्र ... ३ पृष्ठमा वर्षा र असिनाका कारण ३५ ...

# उच्च अदालत जनकपुर राजविराज इजलासले दुई वर्ष नाघेका मुद्दा शुन्यमा झार्‍यो



**दैनिक समाचारदाता**
**राजविराज, २ साउन ।**

उच्च अदालत जनकपुर राजविराज इजलासले दुई वर्ष नाघेका मुद्दाहरु शुन्यमा झारेको छ ।

बुधबार उच्च अदालत जनकपुर राजविराज इजलासले आर्थिक वर्ष २०८०/८१ को कार्य प्रगति विवरण सार्वजनिकरण गर्न आयोजना गरेको कार्यक्रममा सो जानकारी दिएको हो ।

कार्य प्रगति विवरण प्रस्तुत गर्दै न्यायाधिश बिमल सुवेदीले दुई वर्ष पुरानो मुद्दा मध्ये गत वर्ष जिम्मेवारी सरेर आएको ६ वटा र यस वर्ष थप भएका ८ सय ३१ मुद्दा गरि कुल ८ सय ३७ वटै मुद्दा फछ्यौंट गरिएको जानकारी दिए । उनले लामो समयदेखी पुराना मुद्दाहरु थन्किएर रहेकोमा आ.ब. २०८०/८१ मा ती सबै मुद्दाहरु फछ्यौंट गर्न कानुन ब्यवसायी तथा न्यायाधिशहरुको महत्वपूर्ण भूमिका रहेको उल्लेख गरे ।

उनले मुद्दा अभिलेखतर्फ देवानी मिसिल ३९ हजार ५ र फैजदारी मिसिल १५ हजार ७ सय ८६ गरि जम्मा ५४ हजार ७ सय ९१ रहेकोमा हालसम्म ४८ हजार ५ सय ९४ को अभिलेख राख्न सफल भएको बताउँदै कम्प्युटरमा स्क्यान भएका मिसिलको संख्या ६ रहेको जनाए । सो अभिलेखमा सबैभन्दा पुरानो मिसिल २०३१ सालको रहेको जानकारी समेत दिए ।

यस्तै मेलमिलापफतर्फको मुद्दामा भने खासै उपलब्धी नरहेको उनको भनाई थियो । मेलमिलापफतर्फ गत वर्षको जिम्मेवारी सरेको ३ तथा नयाँ पठाएको १ सय ११ मुद्दा गरि १ सय १४ मुद्दामा जम्मा १ वटा मुद्दा मेलमिलापबाट टुङ्गिएको बताए ।

यस्तै उच्च अदालत जनकपुर राजविराज इजलासका मुख्य

*बाँकी अन्तिम पृष्ठमा*

# नेपालले रोम विधानको अनुमोदन गर्नु आवश्यक

**दैनिक समाचारदाता**
**राजविराज, २ साउन ।**

रोम विधानको अनुमोदनको माग गर्दै बुधबार इन्सेक सप्तरीले प्रधानमन्त्रीको कार्यालयलाई ध्यानाकर्षण पत्र बुझाएको छ । इन्सेकका बैद्यनाथ झाले जिल्ला प्रशासन कार्यालयमार्फत सो ध्यानाकर्षण पत्र बुझाएका हुन् ।

बुझाइएको ध्यानाकर्षण पत्रमा अन्तर्राष्ट्रिय फौजदारी अदालतको स्थापनाकालागि रोम विधानपारित गरिएको दिन १७ जुलाईको स्मरणमा संसारभर अन्तर्राष्ट्रिय न्यायदिवस मनाउने गरिएकोमा नेपाको सन्दर्भमा दण्डहीनताको अपसंस्कृतिको अन्त्य गर्न अन्तर्राष्ट्रिय स्तरमा गरिएका प्रतिबद्धताहरूको सरकारलाई स्मरण गराउनु तथा अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान सम्मिल नगर्न घचघच्याउनु रहेको दिवस मनाउनुको मूल उद्देश्य रहेको उल्लेख छ ।

अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान संसारका

*बाँकी तीन पृष्ठमा*

# उच्च अदालत जनकपुरधाममा लक्ष्यभन्दा बढी मुद्दा फछ्यौंट

**दैनिक समाचारदाता**
**जनकपुर, २ साउन ।**

उच्च अदालत जनकपुरधामले तोकिएको लक्ष्यभन्दा बढी मुद्दा फछ्यौंट गरेको छ ।

जनकपुरधाममा पत्रकार सम्मेलन गरी अदालतले लक्ष्यभन्दा बढी मुद्दा फछ्यौंट भएको जनाएको हो ।

अदालतबाट प्राप्त विवरणअनुसार आर्थिक वर्ष २०८०/८१ मा अदालतलाई तोकेको लक्ष्यभन्दा एक सय ६४ दशमलव ५७ प्रतिशतले बढी मुद्दा फछ्यौंट मुख्य न्यायाधीश श्रीकान्त पौडेलले जानकारी दिए ।

उच्च अदालतलाई ती हजार सात सय २६ मुद्दा फछ्यौंट गर्न वार्षिक लक्ष्य तोकिएकामा लक्ष्यभन्दा एक हजार पाँच सय ३७ मुद्दा बढी फर्छ्यौट भएका उनले बताए । "उच्च अदालतले पहिलोपटक यति धेरै सङ्ख्यामा मुद्दा फर्छ्यौट गरेको हो । यो देशभरि नै उच्च हो भन्ने हाम्रो अनुमान छ । हामीले भ्रष्टाचारमा शून्य सहनशीलताको नीतिसहित न्यायसम्पादनको काम गरेका छौं", मुख्य न्यायाधीश पौडेलले भने ।

उच्च अदालतमा पुराना तथा नयाँ गरी दुई हजार एक सय ३४ मुद्दा फछ्यौंट हुन बाँकी रहेका न्यायाधीश महेन्द्रनाथ उपाध्यायले बताए ।

भर्ना खुल्यो ! भर्ना खुल्यो !!

विगत १६ वर्ष देखी संचालन हुदै आएको
ओभरसियरी क्याम्पस
( CTEVT बाट मान्यता प्राप्त )

डिप्लोमा इन कम्प्यूटर इन्जिनियरिङ्ग
( ३ बर्षे )

न्यूनतम योग्यता : S.L.C. उत्तीर्ण तथा S.E.E. परीक्षाको स्तरिकृत अंक समग्रमा न्यूनतम १.६ जि. पि. ए. वा S.E.E. मौका परीक्षामा सामेल हुने विद्यार्थीहरुले पनि फाराम भर्न पाउने छ ।
फारम भर्ने अन्तिम मिति : २०८१ श्रावण १३ गते सम्म ।

सम्पर्क :
सफटेक इन्जिनियरिङ कलेज
रुपनी रोड, राजविराज-८ (सप्तरी)
फोन नं.-०३१-५३०८३९, मो.नं. ९८०४७०१४२१, ९८०४७८०६७४

CTEVT बाट मान्यता प्राप्त
जगदम्बा मेडिकल इन्स्टिच्यूट राजविराज

संचालित कार्यक्रमहरु

डिप्लोमा तह
H.A. (सामान्य चिकित्सा)
अवधी : ३ वर्षे

V-JTA भेटनरी जे.टी.ए.
१८ महिने
P-JTA बाली विज्ञान
१८ महिने

भर्ना खुल्यो । भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥।

फारम बितरण मिति : २०८१/३/१६ गतेदेखी
फारम बुझाउने अन्तिम मिति : २०८१/४/१३ गतेसम्म
प्रवेश परिक्षा मिति : २०८१/४/१९ गते शनिबार
समय : बिहान ८ बजेदेखी (H.A.)
समय : दिउँसो १ बजेदेखी (V-JTA, P-JTA)

आजै सम्पर्क गर्नुहोस्
राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक
फोन नं. ०३१-५३१४७८
मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

## सम्पादकीय

### भ्रष्टाचार न्युनिकरणतर्फ ध्यान पुगोस्

नेपाल बढी भ्रष्टाचार हुने मुलुकहरुको सूचीमा समेत पर्दछ । सरकारी, गैरसरकारी वा व्यापारिक प्रष्ठिान जुनसुकै क्षेत्रमा पनि अहिले मुलुकमा भ्रष्टाचार व्याप्त छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अहिले दिनहुँ जसो मुलुकमा विभिन्न भागहरुबाट घुससहित कर्मचारीहरु नियन्त्रणमा लिइरहेको घटना सार्वजनिक हुने गरेको छ । कार्वाहीमा परे पनि घुस लिने र दिनेको मनोवलमा भने कमी आउन सकेको छैन । आफ्नो काम छिटो गराउनका लागि सेवाग्राहीहरुले नै घुस दिइरहेका हुन्छन् । यस्तो अवस्था आउनु हाम्रो जस्तो सानो मुलुकका लागि चिन्ताको विषय हो ।

सरकारको अहिलेको चुनौती भनेकै भ्रष्टाचारलाई न्यून गर्नु हो । तर अहिले तीनै तहको सरकार आए पनि स्थानीय तहमा भ्रष्टाचार झै मौलाएको विभिन्न समाचार माध्यमहरुमा पढ्न हेर्न र सुन्न पाइन्छ । कम परिश्रम तथा छिटो धनी बनी हाल्ने सपना बोक्नेहरु प्रायः भ्रष्टाचारको हिलोमा फँस्ने गर्दछन् । यता असारे विकासलाई निरन्तरता दिंदै कमसल काम र हुँदै नभएका कामको निकाशा हुने गरेको पनि नसुनिएको होइन । यो भ्रष्टाचार सरकारी निकायमा मात्र होइन, गैरसरकारी र व्यापारिक प्रतिष्ठानहरुमा पनि हुने गरेको छ ।

यता भ्रष्टाचार नियन्त्रण गर्न कानून बनाउने र सो कार्यान्वयन गर्ने पक्ष सरकारले गरे पनि यो घट्नुको साटो बढ्दै गएको छ । तसर्थ यसका लागि कानूनको कडा पालनाका साथै नैतिक शिक्षाको बोध गराउनु आवश्यक छ ।

# निर्माण व्यवसायीलाई भुक्तानी रोकिँदैन : अर्थमन्त्री पौडल

काठमाडौँ, २ साउन (राससः) ।

उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले निर्माण व्यवसायीले सरकारबाट पाउनुपर्ने भुक्तानी नपाएको भन्ने गुनासो चाँडै सम्बोधन हुने जानकारी दिनुभयो ।

नेपाल उद्योग वाणिज्य महासङ्घका पदाधिकारीसँग बुधबार अर्थ मन्त्रालयमा सम्पन्न भेटघाटमा उहाँले निर्माण व्यवसायीले पाउनुपर्ने भुक्तानी नरोकिने बताउनुभएको हो । “निमाण व्यवसायीले भुक्तानी पाएनन् भन्ने गुनासो अब धेरै दिन सुन्न पर्दैन । राज्यका निकायले ठेक्का लगाएर काम सम्पन्न भएको छ भने जुनसुकै उपायबाट पनि त्यसको भुक्तानी हुन्छ । अब गुनासो गरिरहने अवस्था आउँदैन”, अर्थमन्त्री पौडेलले भन्नुभयो ।

उद्योगी र नेपाल विद्युत् प्राधिकरणबीच लामो समयदेखि चलिरहेको ‘डेडिकेटेड’ र ‘ट्रकलाईन’को विद्युत् महसुल बक्यौता विवाद पनि कानुनअनुसार सुल्भाइने आश्वासन उहाँले दिनुभयो । “डेडिकेटेड र ट्रङ्कलाइन विवाद कसरी समाधान गर्ने भनेर प्रधानमन्त्रीले नै सरकारको दृष्टिकोण राखिसक्नु भएको छ । यो विषयलाई त्रास र आतङ्कका रूपमा नलिनुस् । गैरकानुनी ढङ्गले सरकारले कुनै दायित्व सिर्जना गर्दैन”, अर्थमन्त्री पौडेलले भन्नुभयो, “यदि कसैले गैरकानुनी रुपले उद्योगीलाई दायित्व सिर्जना गर्न खोजेको छ, भने त्यो कोसिस सफल हुँदैन । यो समस्या समाधान गर्नका लागि केही समय लाग्यो । अब तपाईहरू डेलिगेसन आइरहनुपर्ने अवस्था रहँदैन ।”

सरकार निजी क्षेत्रको अविभावकका रूपमा रहेकाले सबै गुनासो र समस्या सुन्न तथा यसको समाधान खोज्न तयार रहेको उहाँको भनाइ छ । “सरकार अविभावकको रूपमा रहेर निजी क्षेत्रको विश्वास र भरोसा टुट्न दिने छैन । राज्यले संरक्षण दिन्छ भन्ने आत्मविश्वासका साथ राष्ट्र निर्माणमा योगदान गर्नुस्”, अर्थमन्त्री पौडेलले भन्नुभयो, “तपाईहरूले आफूलाई निरीह, कमजोर र असहाय नठान्नु होला । समस्याको समाधानसँगै मिलेर एकै टेबुलमा बसेर खोज्ने हो । निजी क्षेत्रले खोजेको समाधान सरकारलाई मान्य हुने र सरकारको खोजेको समाधान निजीक्षेत्रलाई मान्य हुने गरी समाधान खोजौँ ।” विकास तथा समृद्धि यात्रामा सरकार र निजी क्षेत्र सहयात्री भएकाले कुन एक पक्षले अर्को पक्षलाई बिर्सिएर जान नसकिने उहाँले स्पष्ट पार्नुभयो ।

पछिल्लो क्षेत्रको सबैभन्दा ठूलो चुनौती आमसर्वसाधारण र निजी क्षेत्रमा खस्किएको मनोबल उकास्नु रहेको अर्थमन्त्री पौडेलले बताउनुभयो । “पछिल्लो दिनमा माग र आपूर्ति घटेको छ । राजस्व घटेको छ । पुँजीगत खर्च घटेको छ । सबैभन्दा ठूलो मुख्य चुनौती भनेको मान्छेको मनोबल घटेको छ”, उहाँले भन्नुभयो, “सबै समस्याको समाधान भेटिन्छ तर, टुटेको मनोबलको समाधान भेटिन्न । यसकारण तपाईहरू उच्च मनोबलका साथ काम गर्नुहोस् । सरकार तपाईहरूसँगै छ ।”

अहिले निजी क्षेत्र लगानी बढाउने भन्दा पनि व्यवसाय कसरी टिकाइराख्ने भन्ने चिन्ताबाट ग्रसित भएकाले त्यसलाई सहजीकरण गर्नका लागि सरकारका तर्फबाट गर्नुपर्ने नीतिगत, संरचनागत र व्यवहारिक सुधारमा आफु सधैँ तयार रहेको उहाँले जानकारी दिनुभयो । “सरकारले निजी क्षेत्रलाई नीतिगत रूपमा सहजीकरण, सहयोग र सहकार्य गर्ने नीति लिन्छ । निजी क्षेत्रलाई काम गर्न अप्ठेरो भएका नीति सहजीकरणका लागि सरकार तयार छ । कुन नीतिमा सरकारले कस्तो सहयोग गर्नपर्छ भनेर तपाईहरूबाट सुझाव आओस् ।”, उहाँले भन्नुभयो ।

सरकारका नीतिमा अस्थिरता भएको भनेर निजी क्षेत्रले गुनासो गर्ने गरेको र कानुन कार्यान्वयनका क्रममा अनावश्यक दुःख दिने गरेको भन्ने विषयलाई पनि सरकारले गम्भीर रूपमा लिने अर्थमन्त्री पौडेलले स्पष्ट पार्नुभयो । “सरकारले भूतप्रभावी कानुन बनाउँदैन । हिजो गरेका कामलाई बुधबार कानुन बनाएर नियन्त्रण गर्ने दिशामा सरकार जाँदैन”, “निजी क्षेत्रलाई पहिले थुन्ने अनि सुन्ने भन्ने गरेको सुनिन्छ । सरकार त्यसो गर्दैन । यदि कानुनी प्रबन्धमै समस्या छ भने त्यसलाई संशोधन गर्नेबारे छलफल गर्न सकिन्छ । कानुनमा समस्या छ भने सहज र लचिलो बनाउनेतर्फ सरकारले सोच्छ ।”

लघुवित्त र सहकारी क्षेत्रका समस्या समाधानका लागि सार्थक पहल भइरहेको दाबी अर्थमन्त्री पौडेलले गर्नुभयो । त्यस्तै, नेपाल राष्ट्र बैंकले आगामी आर्थिक वर्षको मौद्रिक नीति ल्याउँदा विद्यमान समस्या र अवस्थालाई सम्बोधन गर्नेगरी ल्याउने विश्वास पनि उहाँले व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, “म कानुनको पालनामा विश्वास गर्छु । राष्ट्र बैंकले कस्तो मौद्रिक नीति ल्याउने भन्ने उसको अधिकार क्षेत्रभित्रको कुरा हो । तर जहाँसम्म मलाई लाग्छ, राष्ट्र बैंकले पनि निजी क्षेत्रको मनोबल घटाउने गरि काम गर्दैन ।”

सो अवसरमा नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले अर्थतन्त्रमा देखिएका विद्यमान समस्या समाधानका लागि निजी क्षेत्रको सहभागितासहितको उच्चस्तरीय संयन्त्र तयार पारिनुपर्ने बताउनुभयो । अहिले सर्वसाधारणदेखि उद्योगी व्यवसायीसम्म सबै क्षेत्रको मनोबल खस्किएको र समग्र अर्थतन्त्र नै शिथिल भएको अवस्थामा त्यसको निकासका लागि गम्भीर पहल आवश्यक छ भन्नुभयो ।

सरकारले तोकेको वरियताक्रम (प्रोटोकल) मा

*बाँकी तीन पृष्ठमा*

## बाढी / पहिरोबाट सतर्क रहौं ।

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

जनहीतका लागि : रुपनी गाउँपालिका, सप्तरी

## बाढी / पहिरोबाट सतर्क रहौं ।

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

जनहीतका लागि : महादेवा गाउँपालिका, सप्तरी

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# ‘सडक आश्रित मानवमुक्त राष्ट्र निर्माणमा सरकार प्रतिबद्ध’

काठमाडौं, २ साउन (रासस)। प्रधानमन्त्री केपी शर्मा ओलीले २०८२ सालसम्ममा नेपाललाई सडक मानवमुक्त बनाउने अभियानलाई सफल गराउन सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ। प्रधानमन्त्री निवास बालुवाटारमा मानवसेवा आश्रमका प्रतिनिधिमण्डलसँगको भेटमा प्रधानमन्त्री ओलीले वर्तमान सरकार गठन भएलगत्तै बसेको मन्त्रिपरिषद्को पहिलो बैठकले २०८२ असार मसान्तसम्म सडक बालबालिकामुक्त गराउने निर्णय गरेको जानकारी दिनुभयो।

प्रधानमन्त्रीले विभिन्न कारण सडक आश्रित हुन पुगेका सहयोगापेक्षी सडक आश्रित मानवमुक्त गराउने अभियानमा सरकार साथमा रहेको र यसका लागि आवश्यक सहयोग रहनेछ भन्नुभयो। सो अवसरमा घरपरिवार र आफन्तविहीन भई खुला आकाशमुनि कष्टपूर्ण जीवनयापन गर्न बाध्य, आफ्नो लागि आफैं केही गर्न नसक्ने अवस्थामा रहेका, हेरचाह र पालनपोषण गरिदिने समेत कोही नभई सडक आश्रित हुन पुगेका सहयोगापेक्षी सडक आश्रित मानवहरूको उचित संरक्षण र पालनपोषण गर्दै आइरहेको मानवसेवा आश्रमका तर्फबाट प्रधानमन्त्री ओलीलाई बधाई ज्ञापनपत्र समेत दिइएको थियो।

भेटमा आश्रमका प्रमुख संस्थापक एवं केन्द्रीय अध्यक्ष रामजी अधिकारीले नेपाल सरकारको आर्थिक वर्ष २०८१/८२ को स्वीकृत नीति तथा कार्यक्रममा २०८२ सालसम्ममा नेपाललाई सडक मानवमुक्त बनाइनेछ भन्ने सङ्कल्पलाई साकार पार्न मानवसेवा आश्रम सरकारको सहयोगी भई यस अभियानलाई सफल बनाउन प्रतिबद्ध रहेको बताउनुभयो।

यसैबीच, मानवसेवा आश्रमकी संरक्षक राधिका शाक्यले श्रावण सङ्क्रान्तिका अवसरमा मानवसेवा आश्रममा आश्रित आमाबुबाहरूका लागि हिजो साँझ विशेष भोजन सेवा प्रदान गर्नुभएको थियो।

मानवसेवा आश्रमले २०८२ सालभित्र सहयोगापेक्षी सडक आश्रित मानवमुक्त राष्ट्र नेपाल निर्माणको लक्ष्यसहित २०६९ सालदेखि देशव्यापीरूपमा सडकपेटी र सार्वजनिक स्थलहरूमा कष्टपूर्ण जीवन बिताउन विवश अनाथ, अपाङ्ग, अशक्त, असहाय, शारीरिक तथा मानसिकरूपमा अति कमजोर मानवहरूको उद्धार, उपचार, पालनपोषण एवं पारिवारिक पुनर्मिलनको सेवा दिँदै आएको छ। हाल देशभर सात प्रदेशको १९ जिल्लामा २४ वटा सेवा केन्द्र सञ्चालनमा रहेको आश्रमले ७७ जिल्लाबाट सहयोगापेक्षी सडक आश्रित मानवको उद्धार गर्दै आइरहेको छ। आजसम्म एक हजार सात सय बेसहारा सडक मानवको प्रत्यक्ष संरक्षण गर्दै आइरहेको यस आश्रमले १० हजारभन्दा बढीको उद्धार गर्नाका साथै चार हजारभन्दा बढीको सफल पारिवारिक पुनर्मिलन गराइसकेको जनाएको छ।

### *निर्माण व्यवसायीलाई ...*

उद्योगी व्यवसायी तथा निजी क्षेत्रलाई पनि स्थान दिइनुपर्ने माग ढकालले राख्नुभयो। उद्योगी व्यवसायी उत्साहित भएर नयाँ लगानी थप्नसक्ने अवस्थामा नरहेको पनि उहाँको भनाइ छ। “पर्याप्त तरलता र न्यून ब्याजदर हुँदा पनि लगानी भएको छैन। उद्योगी व्यवसायीले लिएको ऋणको साँवा ब्याज तिर्न सकेका छैनन्। नयाँ व्यवसायी बजारमा आउन सकेका छैनन्” अध्यक्ष ढकालले भन्नुभयो, “अहिले देखिएका यस्ता अनेकौं समस्या समाधानको पहल गर्नका वित्तीय दायित्व नपर्ने गरी लागि निजी क्षेत्रसहितको उच्चस्तरीय संयन्त्र बनाउन आवश्यक छ। निजी क्षेत्रलाई उत्प्रेरित गर्न सरकारले ठूलै नीतिगत निर्णय गर्नुपर्छ।”

अध्यक्ष ढकालले अवैध आयात बढेका कारण एकातर्फ सरकारी राजस्व गुमेको र अर्कोतर्फ व्यवसायीले पनि समस्या खेप्नुपरेको बताउनुभयो। सो अवसरमा अर्थमन्त्री समक्ष महासंघले विकास आयोजनामा जग्गा प्राप्ति, पहुँच मार्ग, वातावरणीय प्रभाव मूल्याङ्कनलगायतका कामलाई छिटोछरितो बनाउन सरकारी निकायबाट सहजीकरण हुनुपर्ने माग राखेको थियो।

त्यस्तै, नियामकीय निकायको क्षेत्राधिकार स्पष्ट गरिनुपर्ने, निर्माण व्यवसायीले पानुपर्ने रकम चाँडै भुक्तानी गर्ने, डेडिकेटेड र ट्रंकलाइनको महसुल विवाद चाँडै सुल्झाइनुपर्ने, सहकारी र लघुवित्त क्षेत्रमा देखिएका समस्या समाधानका लागि सरकार गम्भीर हुनुपर्ने लगायतका सुझाव निजी क्षेत्रले दिएको छ।आगामी आर्थिक वर्षको मौद्रिक नीति ल्याउँदा प्रणाली नबिग्रने गरी सहज र लचक व्यवस्था ल्याइनुपर्ने पनि निजी क्षेत्रको माग छ। चालु पुँजी कर्जासम्बन्धी मार्गदर्शन कार्यान्वयनलाई सहज बनाइनुपर्ने, पुँजीकोष व्यवस्थापनका लागि लचिलो नीति लिइनुपर्नेलगायत विषय निजी क्षेत्रले उठाएको छ।

### *नेपालले रोम ...*

विभिन्न १ सय २३ राष्ट्रले अनुमोदन गरिसकेकोमा दक्षिण एशियाका बंगलादेश, अफगानिस्तान, मालदिभ्स लगायत एशियाका देशहरू पनि रोम विधानको पक्ष राष्ट्र भइसकेको तर नेपाल हालसम्म अन्तर्राष्ट्रिय फौजदारी अदालत रोम विधानको पक्ष राष्ट्र नभएको जनाइएको छ।

रोम विधान अन्तर्गत गठन भएको अन्तर्राष्ट्रिय फौजदारी अदालतले अन्तर्राष्ट्रिय कानुनद्वारा परिभाषित युद्धअपराध, आमनरसंहार र मानवता विरुद्धको अपराध जस्ता गम्भीर अपराधमा संलग्नहुने व्यक्तिहरूलाई जवाफदेही बनाउनुका साथै पीडितको न्याय सुनिश्चित गर्ने रहेको भन्दै पत्रमा नेपालको मानवअधिकार संरक्षण र संबर्द्धनका लागि रोम विधानको अनुमोदन गर्नु आवश्यक रहेको ठहर छ।

## बाढी/पहिरोबाट सतर्क रहौं।

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं।
– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भु–क्षयबाट बचौ र बचाऔं।

**जनहीतका लागि : अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी**

## बाढी/पहिरोबाट सतर्क रहौं।

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं।
– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भु–क्षयबाट बचौ र बचाऔं।

**जनहीतका लागि : तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी**

# विश्व समाचार

## वर्षा र असिनाका कारण ३५ जनाको मृत्यु, दुई सय ३० जना घाइते

काबुल (अफगानिस्तान), २ साउन (रासस/एएनआई)। अफगानिस्तानको जलालाबाद सहर र नङ्गरहार प्रान्तको छेउछाउका क्षेत्रमा परेको भारी वर्षा र असिनाको कारण कम्तीमा ३५ जनाको मृत्यु हुनुका साथै दुई सय ३० जना घाइते भएको खामा प्रेसले जनाएको छ।

नङ्गरहारको सूचना तथा संस्कृति विभागले नङ्गरहारका विभिन्न जिल्लामा मानिसको ज्यान गएको पुष्टि गरेको छ।

विभागको रिपोर्टअनुसार मृतक तथा घाइतेलाई उद्धार गरी नङ्गरहार केन्द्रीय तथा प्रान्तीय अस्पतालमा लगिएको छ।

प्रारम्भिक रिपोर्टले लगभग चार सय घर ध्वस्त भएको सङ्केत गरेका छन्, जसले बासिन्दा र व्यवसायलाई आर्थिक क्षति पुर्‍याएको छ। यद्यपि, स्थानीय अधिकारीहरूले तथ्याङ्क अझ बढ्न सक्ने बताएको खामा प्रेसले जनाएको छ।

प्राकृतिक प्रकोप पछि, प्रभावित समुदायमा तत्काल प्रभाव कम गरी उनीहरूको पुनःस्थापनाका लागि आवश्यक सहयोग भइरहेको स्रोतले जनाएको छ।

तीव्र वर्षा र असिनाबाट भएको विनाशले प्रभावित मानिसको पीडा कम गर्न तथा क्षतिग्रस्त पूर्वाधार पुनःस्थापना गर्न ठोस राहत उपायहरूको आवश्यकतालाई औंल्याएको छ।

खामा प्रेसका अनुसार प्रभावित परिवार तथा समुदायको समर्थनमा जोड दिँदै अधिकारीहरूले उद्धार र पुनःप्राप्ति प्रयास जारी राखेका छन् भने आवश्यक सहयोग प्राप्त गर्न सुनिश्चित गर्नमा ध्यान केन्द्रित गरिरहेका छन्।

## इरानद्वारा ट्रम्प हत्याको षड्यन्त्रमा संलग्न रहेको आरोप अस्वीकार

तेहरान, २ साउन (रासस/एएफपी)। पूर्वअमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको हत्याको षड्यन्त्रमा संलग्न रहेको भन्दै अमेरिकी सञ्चारमाध्यमले लगाएको दुर्भावनापूर्ण आरोपलाई इरानले बुधबार अस्वीकार गरेको छ।

अमेरिकी अधिकारीले पूर्वराष्ट्रपति विरुद्ध कथित इरानी षड्यन्त्रबारे केही हप्ताअघि मानव स्रोतबाट गुप्त सूचना प्राप्त गरेको सिएनएनले मङ्गलबार जनाएको थियो।

यद्यपी सिएनएनले पेन्सिलभेनियामा आयोजित ट्रम्पको चुनावी र्‍यालीमा शनिबार भएको गोली हानाहान जहाँ पूर्वराष्ट्रपति घाइते हुनुका साथै उहाँको एक समर्थक मारिएको घटनाको कथित इरानी षड्यन्त्रसँग सम्बन्ध नरहेको बताएको छ।

तेहरानले सन् २०२० मा अमेरिकी ड्रोन हमलामा रिभोलुसनरी गार्ड्सका कमान्डर कासिम सुलेमानीको हत्याको बदला लिने धम्की दिएपछि अमेरिकी राष्ट्रिय सुरक्षा परिषद्ले वर्षौंदेखि ट्रम्प प्रशासनका पूर्वअधिकारी विरुद्धको इरानमाथि निगरानी राखेको“ बताएको छ।

इरानका लागि संयुक्त राष्ट्रको मिसनले उक्त आरोपलाई अप्रमाणित र दुर्भावनापूर्ण भएको जनाएको छ।

“इरानले ट्रम्प विरुद्धको हालैको सशस्त्र हमलामा कुनै पनि संलग्नतालाई कडा रूपमा अस्वीकार गर्दछ। तर ट्रम्पको प्रत्यक्ष भूमिका रहेको जनरल कासिम सुलेमानीको हत्यामा मुद्दा चलाउन भने इरान कटिबद्ध छ,” विदेश मन्त्रालयका प्रवक्ता नासिर कानानीले बताउनुभयो।

## नयाँ इजरायली लक्ष्यमा आक्रमण गर्ने हजबुल्लाहको चेतावनी

बेरूत (लेबनान), २ साउन (रासस/एएफपी)। हजबुल्लाहका नेता हसन नसरूल्लाह इजरायलले लेबनानमा थप नागरिक लक्षित आक्रमण गरेमा आफ्नो इरान समर्थित समूहले इजरायलको नयाँ क्षेत्र लक्षित आक्रमण गर्ने चेतावनी दिनुभएको छ।

“यदि इजरायलले हालैका दिनहरूमा जस्तै नागरिकहरूलाई लक्षित आक्रमण जारी राख्यो भने हामी इजरायलको अहिलेसम्म लक्षित नगरिएका इलाकालाई लक्षित गरेर आक्रमण बाध्य हुनेछौं”, नसरूल्लाहले भन्नुभयो।

लेबनानको राज्य सञ्चालित राष्ट्रिय समाचार एजेन्सीले मङ्गलबार इजरायली आक्रमणमा तीन सिरियाली बालबालिकासहित पाँच जनाको मृत्यु भएको बताएको छ।

यसको जवाफमा हजबुल्लाहले उत्तरी इजरायलमा ‘कत्युशा रकेट’ प्रहार गरेको बताएको छ। संयुक्त राष्ट्रसङ्घीय बाल एजेन्सी (युनिसेफ)ले हड्तालको समयमा आफ्नो घर अगाडि खेलिरहेका बालबालिकाहरु माथि गरिएको आक्रमणलाई “भयानक” भनी वर्णन गरेको छ।

इजरायली सेनाले गत महिना लेबनानमा आक्रमणका लागि परिचालन गरिएका योजनाहरू स्वीकृत र मान्य भएको बताएको थियो।

नसरूल्लाह आक्रमणका कारण घरहरु ध्वस्त भएका हजारौं पिडीत लेबनानीहरूलाई सहयोग गर्ने वाचा गर्नुभएको छ।

“घरहरू पूर्ण वा आंशिक रूपमा ध्वस्त भएका बासिन्दाहरूलाई हामी आश्वासन दिन्छौं कि हामी तपाईंहरूसँग मिलेर काम गर्नेछौं। हामी हाम्रा घरहरू पुनर्निर्माण गर्नेछौं”, उहाँले भन्नुभयो।

# मनसुनी विपद्मा चौबिस घण्टामा सात जनाको मृत्यु

काठमाडौँ, २ साउन (रासस)।

मनसुनी विपद्मा परी सात जनाको मृत्यु भएको छ। मनसुन अवधिमा बाढी, पहिरोलगायतका विपद्मा परी हालसम्म एक सय २० जनाको मृत्यु भइसकेको छ। गत जेठ २८ देखि मंगलबारसम्ममा उनीहरुको मृत्यु भएको हो।

उक्त अवधिमा एक सय ३५ जना घाइते भएको केन्द्रीय प्रहरी प्रवक्ता, प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीले जानकारी दिनुभयो। बाढी, पहिरोलगायतका विपद्मा परी काठमाडौँ उपत्यकामा दुई, कोशी प्रदेशमा २२, मधेस प्रदेशमा पाँच, बागमती प्रदेशमा १५, गण्डकी प्रदेशमा ३८, लुम्बिनी प्रदेशमा २३, कर्णाली प्रदेशमा सात र सुदूरपश्चिम प्रदेशमा आठ गरी जम्मा एक सय २० जनाको मृत्यु भएको हो।

काठमाडौँ उपत्यकामा आठ, कोशी प्रदेशमा ३४, मधेस प्रदेशमा नौ, बागमती प्रदेशमा सात, गण्डकी प्रदेशमा २८, लुम्बिनी प्रदेशमा नौ, कर्णाली प्रदेशमा २९ र सुदूरपश्चिम प्रदेशमा ११ गरी जम्मा एक सय ३५ जना घाइते भएको कार्कीले बताउनुभयो।

बाढीका कारण एक सय ८२ घर डुबानमा परेका छन्। दुई सय १३ वटा घर, ७९ वटा गोठ, ४३ वटा पुल, एक वटा विद्यालय र दुई वटा सरकारी कार्यालयमा क्षति पुगेको छ। कूल पाँच सय ८१ वटा पशुचौपायको मृत्यु भएको छ।

उक्त अवधिमा विपद्का घटनाबाट तीन हजार छ सय ५२ घर परिवार विस्थापित भएका छन्। साथै बाढीपहिरोको जोखिममा रहेका परिवारलाई सुरक्षित स्थानमा राख्ने, पहिरोमा पुरिएको धनमाल निकालेर सुरक्षा गर्ने र सडकमा भएका अवरोध हटाइएको प्रहरीले जनाएको छ।

# सकरपुराले जित्यो तिलाठी कोईलाडी पालिका कप



**दैनिक समाचारदाता**
**राजविराज, २ साउन।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका स्तरिय टि ट्वान्टी क्रिकेट प्रतियोगिताको उपाधी सकरपुराले जितेको छ।

वडा ५ को बरसाईन र वडा ३ सकरपुरा बिच सम्पन्न फाइनल खेलमा टस जितेर सकरपुराले ब्याटिङ गर्दै निर्धारित २० ओभरमा ७ बिकेट गुमाई १ सय १८ रनको योगफल खडा गरेको थियो। जवाफमा को.बरसाईनले १९ ओभर ५ बलमा सबै बिकेट गुमाई १ सय ११ रन बनाएको थियो।

जवाफमा को.बरसाईनले १९ ओभर ५ बलमा सबै बिकेट गुमाई १ सय ११ रन मात्र बनाउन सकेको थियो। फाईनल खेलको म्यान अफ दि फाईनल प्रदिप मण्डल घोषित भए।

प्रतियोगिताको बेस्ट ब्याटर प्रकाश मण्डल, बेस्ट बलर विशाल शर्मा, म्यान अफ दि सिरिज अमित मण्डल घोषित भएका लाई कप, प्रमाणपत्र प्रदान गरेका थिए।

उक्त अवसरमा तिलाठी कोईलाडी गाउपालिका अध्यक्षता अरूण मण्डल,वडा ३ का अध्यक्ष रमेश मुखिया वडा ५ का अध्यक्ष ललन राउत, वडा ७ का अध्यक्ष हरि नारायण साह, सप्तरी क्रिकेट सँघका सचिव चन्दन कुमार यादव, प्रतियोगिता संयोजक ज्ञानेन्द्र कुमार यादब लगायतले शिल्ड, कप, मेडल, प्रमाणपत्र प्रदान गरेका थिए।

# नदीमा बेपत्ता बालकको शव फेला

**दैनिक समाचारदाता**
**रौतहट, २ साउन।**

रौतहटस्थित वाग्मती नदीमा बेपत्ता बालकको शव मंगलबार प्रहरीले फेला पारेको छ। सोमबार वाग्मती नदीमा डुबेका तीन बालकमध्ये दुईको उद्धार गरिएको थियो। एक बेपत्ता थिए।

गढिमाइ नगरपालिका-३ लक्ष्मीपुर बस्ने हकुदिन कवाडीको छोरा अन्दाजी वर्ष १० को सफर कवाडीको शव गढीमाई नगरपालिका-७ धर्मपुरस्थित बेपत्ता भएको स्थानबाट तीन किमी दक्षिण नदी किनारमा फेला परेको सशस्त्र प्रहरीले जनाएको छ।

पानीमा डुबेका अन्य दुई बालकहरु १३ वर्षीय सैदुला कवाड़ी र आठ वर्षीय हसर कवाड़ीको सकुसल उद्धार गरिएको छ। पानीमा डुबेका सैदुला कवाड़ीको उपचार रोमा अस्पताल गरुडामा भइरहेको र अवस्था सामान्य रहेको छ।

बेपत्ता बालकको खोजीमा सशस्त्र प्रहरी रौतहटका प्रहरी निरीक्षक भुवन घिमिरेको कमाण्डमा नेपाली सेना र नेपाल प्रहरी गरी ३० जनाको टोली खटिएको थियो।

### *उच्च अदालत जनकपुर ...*

न्यायाधिश बामदेव ज्ञवालीले आउँदो दिनमा मेलमिलापबाट मुद्दा टुङ्गो लागाउनेतर्फ बढी ध्यान केन्द्रित गर्ने प्रतिबद्धता जनाउँदै उनले आ.ब. २०८०/८१ मा ७९.९३ प्रतिशत मुद्दा फछ्र्यौट भएको जानकारी समेत दिए।

निवेदन/प्रतिवेदन तर्फ असार मसान्त सम्ममा जिम्मेवारी सरेको ३ सय १९, नयाँ दर्ता भएको ५ सय ६८ गरि जम्मा ८ सय ८७ मुद्दा मध्ये ७ सय ९ वटा मुद्दा फछ्र्यौट भएको उनले बताए।

यस्तै आ.ब. २०८१ असार सम्म मुद्दा फछ्र्यौट गर्ने लक्ष्य ७७.१९ रहेकोमा ५२.३ प्रतिशत मुद्दा फछ्र्यौट भएको उल्लेख गरे।

सो अवसरमा अदालतका न्यायाधिशहरु, प्रमुख जिल्ला अधिकारी मेखबहादुर मंग्राती, प्रहरी उपरिक्षक गजुसिद्धी बज्राचार्य, उच्च अदालत बार एशोसिएशनका अध्यक्ष हरेराम यादव, अदालतका रजिष्टार, सूचना अधिकारी, कर्मचारी, संचारकर्मी लगायतको उपस्थिती रहेको थियो।

# प्रधानमन्त्रीले साउन ६ गते विश्वासको मत लिने

**दैनिक समाचारदाता**
**काठमाडौँ, २ साउन।**

प्रधानमन्त्री केपी शर्मा ओलीले यही साउन ६ गते आइतबार प्रतिनिधिसभाबाट विश्वासको मत लिने भएका छन्।

प्रधानमन्त्री ओलीले सङ्घीय संसद्, प्रतिनिधिसभाबाट उक्त दिन विश्वासको मत लिने तय भएको नेपाल कम्युनिष्ट पार्टी (एमाले)का मुख्य सचेतक महेशकुमार बर्तौलाले जानकारी दिए।

नेपालको संविधानको धारा ७६ (२) अनुसार नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली गत असार ३० गते प्रधानमन्त्रीमा नियुक्त भएको थिए। प्रतिनिधिसभाको सबैभन्दा ठूलो दल नेपाली कांग्रेसको समर्थनमा एमाले संसदीय दलका नेता ओली चौँथो पटक प्रधानमन्त्री भएका हन्।

संविधानको धारा ७६ (४) बमोजिम उनले विश्वासको मत लिन लागेका हुन्। दुई वा दुई भन्दा बढी दलको समर्थनमा नियुक्त प्रधानमन्त्रीले ३० दिनभित्र प्रतिनिधिसभाबाट विश्वासको मत लिनुपर्ने संवैधानिक प्रावधान छ।


## सुर्तीजन्य पदार्थका तत्कालिन असर

सुर्तीजन्य पदार्थको सेवनले:

- झुम्म पार्ने,
- मस्तिष्क सुस्त हुने,
- रक्तनलीमा बोसोजन्य पदार्थ (कोलेस्टेरोल) को मात्रा बढ्ने,
- आँखा, घाँटी र मुखमा अप्ठ्यारो महसुश हुने,
- हात काम्ने,
- पेटमा अम्लको मात्रा बढ्ने,
- छालाको तापक्रम घट्ने,
- मुटुको धड्कन बढ्ने

जस्ता तत्कालिन असरहरु देखिन सक्ने भएकोले सूर्तीजन्य पदार्थको सेवन नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



## जनहितमा जारी सन्देश

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको बीउ रोपौं।
- गरिवी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौः सामाजिक न्याय र सुशासन संस्थान गरौं।
- वालविवाहको अन्त्य गरौं, आफ्ना नानीवावुहरुलाई नियमित विद्यालय पठाऔं।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं।

अनुरोधकर्ता : सप्तकोशी नगरपालिका, सप्तरी


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*